# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८) कटुञ्जे, भक्तपुर, पुष २६ गते, २०८१ साल (संख्या ६

# भाग १

### स्थानीय सरकार

## सूर्यविनायक नगरपालिका

### कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए मोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८१ सालको ऐन नं. ६

## सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ (प्रथम संशोधन २०८१)

# सूर्यविनायक नगरपालिकाको संस्था दर्ता (प्रथम संशोधन) ऐन, २०८१

प्रस्तावनाः

सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर स्थापनाको आठौं वर्षमा नगरसभाको सत्रौं अधिवेशनबाट यो ऐन जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " सूर्यविनायक नगरपालिकाको संस्था दर्ता (प्रथम संशोधन) ऐन, २०८१ रहेको छ ।
(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,
(क) ऐन भन्नाले **सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन २०७९** सम्झनु पर्दछ ।

३. **सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन २०७९ (यसपछि मूल ऐन भनिएको) को दफा २ मा संशोधन :** मूल ऐन को दफा २ को खण्ड (च) पछि देहायको खण्ड (च)१ थप गरिएको छ ।
(च) "परिवार" भन्नाले बाबु, आमा, बाजे, बज्यै, सासू, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाई, जेठान, दाजु, भाई, दिदि, बहिनी, मामा, माइजू, भान्जा, भान्जी, काका, काकी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनुपर्दछ ।

४. मूल ऐनको **दफा** ३ मा संशोधनः मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेको **"सूचिकृत"** भन्ने शव्दको सट्टामा **"दर्ता अभिलेखीकरण"** भन्ने शव्द राखिएको छ ।

५. **मूल ऐनको दफा ४ मा संशोधनः** (१) दफा ४ को उपदफा (२)मा **"तोकिएको दस्तुर सहित"** भन्ने शव्दावली पछाडि रहेको **"संस्था"** भन्ने शव्द हटाइएको छ ।

(२) उपदफा (३) मा रहेको **पचीस परिवार** भन्ने शव्दहरुको सट्टा **१० परिवार र २० सदस्य** भन्ने शव्दहरु राखिएका छन् ।

६. मूल ऐनको **दफा** ५ मा संशोधनः (१) मूल ऐनको दफा दफा ५ को उपदफा (१) खारेज गरिएको छ ।

(२) उपदफा ३ मा रहेको **एक** भन्ने शव्दको सट्टा **दुई** शव्द राखी स्पष्टीकरण वाक्य झिकिएको छ ।

(३) उपदफा (४) मा देहायको प्रतिवन्धात्मक वाक्य थप गरिएको छ ।

**"तर सेवासंग सम्बन्धित कानुनले दिएको अधिकार भित्र रहि गठित समितिमा बस्न यो उपदफाले रोक लगाएको मानिने छैन ।"**

७. **मूल ऐनको दफा दफा** ८ मा संशोधनः दफा ८ को उपदफा (१) मा रहेको **"नियमावली"** भन्ने शव्दको सट्टा **"विनियम"** भन्ने शव्दावली राखिएको छ ।

(२) उपदफा २ को स्पष्टीकरण खण्ड हटाईएको छ ।

८. मूल ऐनको दफा ९ र १० र मा संशोधन : मूल ऐनको दफा ९ र दफा १० विभिन्न स्थानमा रहेका **"सूचीकृत"** भन्ने शव्दहरुको सट्टा **"दर्ता अभिलेखिकरण"** भन्ने शव्दावली राखिएको छ ।

९. मूल ऐनमा दफा थप : मूल ऐनको दफा ९ पछि देहायको दफा ९क थप गरिएको छ ।

**"९क. राय परामर्श लिनु पर्नेः** (१) **दफा ४ बमोजिम नयाँ सस्था दर्ता वा दफा ९ बमोजिम संस्था दर्ता अभिलेखीकरण गर्नु पूर्व दर्ता अधिकारीले**

**संस्थासंग सम्वन्धित विषयगत शाखा वा ईकाईको राय तथा परामर्श लिनु पर्नेछ ।"**

**१०. मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० मा रहेका **दर्ता कितावमा राख्नुपर्नेछ** भन्ने शव्दहरुपछि **र सो को लिखित जानकारी सम्वन्धित विषयगत शाखा वा ईकाईमा अभिलेख प्रयोजनका लागि पठाउनु पर्नेछ** भन्ने शव्दहरु थप गरिएका छन् ।

११. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को उपदफा (१) मा रहेको **दफा ८** भन्ने शव्दको सट्टा **दफा ९** र **"सूचीकृत"** भन्ने शव्दको सट्टा **"दर्ता अभिलेखीकरण"** भन्ने शव्दावली थप गरिएको छ ।

१२. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ मा रहेको **"सूचीकृत"** भन्ने शव्दको सट्टा **"दर्ता अभिलेखीकरण"** भन्ने शव्दावली थप गरिएको छ ।

१३. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ खारेज गरिएको छ ।

१४. **मूल ऐनको दफा १७ मा संशोधनः** दफा १७ को उपदफा (१) मा रहेका **"अर्को संस्थामा"** भन्ने शव्दको सट्टामा **"अर्को समान प्रकृतिको संस्थामा"** भन्ने शव्दावली थप गरिएको छ ।

१५. **मूल ऐनको दफा १८ मा संशोधनः दफा** १८ को उपदफा (२)मा रहेको **"सहित स्विकृतिको लागि"** भन्ने शव्दावली हटाइएको छ ।

१६. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा दफा २१ खारेज गरिएको छ ।

१७. **मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको** दफा **२८** को उपदफा (१)मा रहेका **"स्थापना गरेमा"** भन्ने शव्दहरुको सट्टामा **"स्थापना र संचालन गरेमा, दफा ९ वमोजिम दर्ता अभिलेखीकरण नगरेमा"** भन्ने शव्दावली र **दफा १२** को सट्टा **दफा १३** भन्ने शव्दहरु राखिएका छन् ।

१८. **मूल ऐनको दफा ३० मा संशोधन: मूल ऐनको** दफा **३०** को उपदफा (२) को खण्ड (ङ) मा रहेको मा **"तिन"** भन्ने शव्दको सट्टामा **"पाँच"** भन्ने शव्द राखिएको छ ।

१९. **मूल ऐनको दफा ३३ मा संशोधन: मूल ऐनको** दफा ३३ को खण्ड **च.** झिकिएको छ ।

२०. **मूल ऐनको दफा ३४ मा संशोधन: मूल ऐनको** दफा ३४ को उपदफा (१) मा रहेको **"नगरपालिकाको सिफारिसमा"** भन्ने शव्दावली हटाइएको छ ।

२१. **मूल ऐनको दफा ३८ मा संशोधन: मूल ऐनको** दफा ३८ मा **"नगरपालिका"** भन्ने शव्दको सट्टा **"नगरकार्यपालिका"** भन्ने शव्दावली थप गरिएको छ ।

२२. **मूल ऐनको दफा ३९ मा संशोधन: मूल ऐनको** दफा ३९ मा **"सूचीकृत"** भन्ने शव्दको सट्टा **"अभिलेखिकृत"** भन्ने शव्दावली थप गरिएको छ ।

२३. **मूल ऐनको दफा ४० मा संशोधन: मूल ऐनको** दफा ४० को उपदफा (२) हटाइएको छ ।

२४. **मूल ऐनको दफा ४३ मा संशोधन:** दफा ४३ को **"सूचीकरण"** भन्ने शव्दको सट्टा **"अभिलेखिकरण"** भन्ने शव्दावली थप गरिएको छ ।

२५. **मूल ऐनमा दफा थप :** (१) मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क थप गरिएको छ ।

**"४३क. ईजाजत वा स्वीकृति लिनुपर्ने : यस ऐन बमोजिम दर्ता वा दर्ता सूचीकरण भएका संस्थाहरुले संस्थाका उद्देश्य कार्यान्वयन गर्न संघ वा प्रदेश सरकारका निकायहरुसँग ईजाजत वा स्वीकृति लिएर गर्नु पर्ने भएमा सो अनिवार्य रुपमा लिनुपर्नेछ । संस्था दर्ता, दर्ता अभिलेखीकरण वा नवीकरण गरेकै आधारमा संस्थालाई त्यस्तो कार्य गर्न ईजाजत वा स्वीकृति प्राप्त भएको मानिने छैन।"**

२६. **मूल ऐनको दफा ४५ मा संशोधन:** दफा ४५ मा **"नगरपालिका"** भन्ने शव्दको सट्टा **"नगरकार्यपालिका"** भन्ने शव्दावली थप गरिएको छ ।

२७. **मूल ऐनमा दफा थप : मूल ऐनको दफा .... पछि देहायको दफा .....क थपिएको छ :-**

**"....क. यो ऐन बमोजिम भएको मानिने :** (१) यो संशोधन ऐन जारी हुनु पूर्व प्रचलित कानून बमोजिम सूचीकृत भएका संस्थाहरु यो ऐन जारी भए पश्चात स्वत: दर्ता अभिलेखीकरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अभिलेखीकृत भएका संस्थाहरुको अभिलेख नगरपालिकाले तीन महिना भित्र मिलाउने छ **।"**

२८. **मूल ऐनको अनुसूचिमा संशोधन: मूल ऐनको अनुसूची** १ २ ३ र ४ मा रहेका **"सूचीकरण"** भन्ने शव्दको सट्टा **"दर्ता अभिलेखिकरण"** भन्ने शव्दावली थप गरिएको छ ।

प्रमाणीकरण मितिः२०८१/०९/२६

आज्ञाले,

तारानाथ लुइटेल

प्रमुख प्रशासकीय अधिकृत